# पुराना दुई पाङ्गे सवारी साधनहरुको लिलाम विक्री सम्वन्धी
# शिलवन्दी बोलपत्र आव्हानको सूचना

( गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७४/११/२५)

कोषको पुल्चोक भवनस्थित अण्डर ग्राउण्डमा रहेका पुराना ८ थान दुई पाङ्गे सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नुपर्ने भएकोले खरीद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी ले देहायको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने पुराना ८ थान दुई पाङ्गे सवारी साधनहरु कोषको पुल्चोक भवनस्थित अण्डर ग्राउण्डमा रहेका छन् । ती सामानहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत राखी रु. १०००/-(फिर्ता नहुने गरि) नेपाल इन्भेष्टमेन्ट बैंक, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कोषको पुल्चोक स्थित आपूर्ति शाखावाट कार्यालय समय भित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :
   (क) बोलपत्र फारम यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मिति (२०७४/११/२५) ले २१ दिन (२०७४/१२/१५) भित्र खरिद गरिसक्नु पर्नेछ ।
   (ख) गोरखापत्रमा बोलपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औ (२०७४/१२/१६) दिनको १२:१५ वजे भित्र बोलपत्र फारम कोषको पुल्चोक स्थित कार्यालयमा बुझाई सक्नु पर्नेछ ।
   (ग) प्राप्त बोलपत्रहरु गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औ दिन (२०७४/१२/१६) दिनको १:०० वजे कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा कोषका अधिकृत प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।
   (घ) उल्लेखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने पुराना ८ थान दुई पाङ्गे सवारी साधनहरुको विस्तृत विवरण बोलपत्र कागजातमा उल्लेख गरिएको छ । उक्त सामानहरुको न्यूनतम मूल्य रु. २,०१,८२४/– रहेको छ ।

५. बोलपत्रदाताले उक्त सवारी साधनहरुको लागि कबोल मुल्यको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने रकम नेपाल इन्भेष्टमेन्ट बैंक, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर सहित बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्र दाताले कवोल रकममा मू.अ.क. समेत थप गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, पर्याप्त धरौटी समावेश नभएको र मू.अ.क. समावेश नभएको तथा मू.अ.क. बाहेकको कवोल रकम उल्लेखित न्यूनतम मूल्य भन्दा घटि भएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

८. बोलपत्र फारम शिलवन्दी गरी खामको वाहिर **"पुराना दुई पाङ्गे सवारी साधनहरुको लिलाम विक्रि सम्बन्धी बोलपत्र"** भन्ने उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

९. प्राप्त वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारहरु कोषमा सुरक्षित रहनेछ ।

१०. उक्त सामानहरुको लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कोषको पुल्चोक स्थित आपूर्ति शाखामा सम्पर्क राख्न सकिने छ ।

११. यो सूचना कोषको Website: www.epfnepal.com.np मा समेत हेर्न सकिनेछ ।


**कर्मचारी सञ्चय कोष**
आपूर्ति शाखा, पुल्चोक
फोन नं. ५०१०११८